# मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड

## MANUSHI LAGHUBITTA BITTYA SANSTHA LTD

नेपाल राष्ट्र बैंकबाट "घ" बर्गको ईजाजत प्राप्त राष्ट्रियस्तरको कार्यक्षेत्र भएको संस्था

केन्द्रीय कार्यालय बनेपा–१३, भैंसेपाटी, काभ्रेपलाञ्चोक फोन नं. ०११–६६२७८५, ०११–६६३१२७

इमेलः info@manushilbs.com.np, वेबसाईट https://manushilbs.com


## छैटौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/११/१८ गते आईतवार (आर्थिक अभियान)**

**श्री आदरणीय शेयरधनी महानुभावज्युहरु,**

यस मानुषी लघुवित्त वित्तीय संस्था लि. को संचालक समितिको मिति २०८१ साल फाल्गुन १६ गते बसेको ९१ औं बैठकको निर्णय बमोजिम यस वित्तीय संस्थाको छैटौं वार्षिक साधारण सभा (आ.व. २०८०/०८१) देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल तथा निर्णय गर्नका लागि निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थानः**

**सभा हुने मितिः** २०८१ साल चैत्र १० गते, आईतवार (तदअनुसार मार्च २३, २०२५)

**सभा हुने समयः** बिहान १०:३० बजे

**सभा हुने स्थानः** होटल भ्यू भक्तपुर, जगाती, भक्तपुर

**छैटौं वार्षिक साधारण सभाको छलफलका विषयहरूः**

**(क) साधारण प्रस्तावहरुः**

१. आ.व. २०८०/२०८१ को छैटौं वार्षिक साधारण सभाको लागि संचालक समितिको तर्फबाट अध्यक्ष ज्युले प्रस्तुत गर्नु हुने प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको मिति २०८१ आषाढ मसान्तको वासलात, आ.व. २०८०/२०८१ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरण सँग सम्बद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. बैंक तथा वितीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ र कम्पनी ऐन २०६३ को दफा १११ अनुसार यस वितीय संस्थाको आ.व. २०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. विविध ।

**(ख) विशेष प्रस्तावहरुः**

१. प्रबन्धपत्र र नियमावली संशोधन गर्ने सम्बन्धमा ।

२. प्रबन्धपत्र र नियमावली संशोधन गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियमनकारी निकायहरु बाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायतका अन्य सम्पूर्ण कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

३. कुनै पनि लघुवित्त वित्तीय संस्था सँग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति/समाहित (Acquisition), डिमर्जर (Demerger) गर्ने प्रयोजनका लागि उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्ने, सहमति पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने सो का आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्वको मुल्याङ्कन (Due Diligence Audit) गर्ने, परामर्शदाता, मुल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने, अन्य वित्तीय संस्थाहरुको शाखाहरु खरिद तथा प्राप्ति गर्ने लगायतका कार्यहरु सँग सम्बन्धित आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

४. विविध ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**छैटौं वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीः**

१. छैटौ साधारण सभा तथा साधारण सभामा मतदान गर्ने प्रयोजनका लागि यस वित्तीय संस्थाको मिति २०८१ फाल्गुन २५ गते एक दिनका लागि शेयर दाखिला खारेज दर्ता बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०८१/११/२५ गते भन्दा अघिल्लो दिनसम्म कारोबार भई संस्थाको शेयरधनी दर्ता किताब, वित्तीय संस्थाको शेयर रजिष्ट्रार नेपाल एसविआई मर्चेन्ट बैकिङ्ग लि. लेखनाथमार्ग, ठमेल, काठमाण्डौमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरु मात्र साधारण सभामा भाग लिन, मतदान गर्न योग्य हुनेछन् ।

२. साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्बन्धित समुहकै शेयरधनीको नाममा प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी केन्द्रीय कार्यालय बनेपा न.पा. वडा नं. १३, भैंसेपाटी, काभ्रेपलाञ्चोकमा सभा शुरु हुनु भन्दा कम्तीमा ९६ घण्टा अगाडी दर्ता गराई सक्नुपर्ने छ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति वित्तीय संस्थाको सम्बन्धित समुहकै शेयरधनी हुनुपर्ने छ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरिसक्नु भएका शेयरधनी आफैं सभामा उपस्थित भई हाजिरी किताबमा हस्ताक्षर गरेमा यस अघि दिएको प्रोक्सी स्वतः बदर हुनेछ ।

३. साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर हितग्राही (डिम्याट) खाता नम्बर र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय पत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई उपस्थित हुन अनुरोध छ । साथै सभा स्थलमा आउँदा झोला वा अन्य कुनै प्रकारको वस्तु नलिई आउनुहुन अनुरोध गरिन्छ ।

४. शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताबको लागि संस्थाको केन्द्रीय कार्यालय साँगा, बनेपा-१३, भैंसेपाटी, काभ्रेपलाञ्चोक र नेपाल एसविआई मर्चेन्ट बैकिङ्ग लि. लेखनाथमार्ग, ठमेल, काठमाण्डौमा सम्पर्क गर्नुहुन तथा वित्तीय संस्थाको वेबसाईट https://manushilbs.com बाट समेत प्राप्त गर्न अनुरोध छ ।

५. प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नुपर्दछ । एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेरमा जुन प्रोक्सी वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्ने हुनेछ । प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शयरको प्रोक्सी नियुक्त नगरी केही शेयर आफैं राखि सभामा स्वयम् शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ । प्रतिनिधि मुकरर गरिएको शेयरको प्रोक्सी नियुक्ति बदर गरिपाउँ भनी शेयरधनीले निवेदन पेश गरेको अवस्थामा उक्त शेयरधनी स्वयम् उपस्थित नभएमा समेत उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ, भने पछिल्लो प्रतिनिधि कायम हुनेछ ।

६. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत वा हस्ताक्षर गर्नुपर्ने छ । हाजिरी पुस्तिका बिहान १०:३० देखि साधारण सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ ।

७. नाबालक शेयरधनीहरुको तर्फबाट यस संस्थाको शेयरलगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिने प्रतिनिधि तोक्न पाउनेछन् ।

८. छलफलका बिषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय लिखित रुपमा कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई दिनुपर्नेछ । सो विषय छलफलमा समावेश गरिए पनि निर्णयको रुपमा भने रहने छैन ।

९. सभामा छलफलका विषय अन्तर्गत विविध शीर्षक सम्बन्धमा शेयरवाला महानुभावहरुले छलफल गर्न चाहानु भएको विषयका सम्बन्धमा साधारण सभा हुनु भन्दा कम्तीमा ७ (सात) दिन अघि वितीय संस्थाको रजिष्टर्ड कार्यालय मार्फत वित्तीय संस्थाको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन । उक्त सभामा कुनै छलफलको विषय अन्तर्गत छलफल गर्नुपरेमा कूल शेयर पूँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी महानुभावहरुले स्वीकृति दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नभएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

१०. शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका मन्तव्य तथा प्रश्नहरुको सम्बन्धमा संचालक समितिका तर्फबाट अध्यक्ष आफैंले वा निजबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रुपले उत्तर दिइनेछ ।

११. कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसार शेयरधनीहरुलाई संक्षिप्त आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा उपलब्ध हुनेछ ।

१२. अन्य थप जानकारीको लागि संस्थाको केन्द्रीय कार्यालय, बनेपा न.पा. वडा नं. १३, भैंसेपाटी, साँगा, काभ्रेपलाञ्चोकमा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन अनुरोध गर्दछौं ।